बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

प.सं. ४४।०७९।८०
च.नं. ९९५

मितिः २०७९।०५।१५

परिपत्र नं. १०।०७९।८०

श्री ईजाजतप्राप्त सबै बीमकहरू,

विषयः-बीमालेखको जोखिमाङ्कन तथा दावी भुक्तानी प्रकृयामा प्रचलित कानून तथा समितिबाट जारी निर्देशनहरूको पूर्णतः पालना गर्ने सम्बन्धमा ।

महाशय,

बीमा व्यवसायसँग सम्बध्द विभिन्न व्यक्ति, समूह तथा संस्थाहरू मार्फत् पेश भएका किर्ते जालसाजीपूर्ण कागजातका आधारमा बीमालेख जारी हुने गरेको तथा बीमादावी भुक्तानी हुने गरेको पाईएको छ ।

यसबाट बीमा व्यवसायमा नकारात्मक असर पर्ने र बीमित तथा लाभग्राहीहरू पिडित हुन गई बीमा क्षेत्रप्रति जनविश्वास घट्न जानुका साथै बीमाक्षेत्रको शाखमा समेत ह्रास आउने स्थिति रहेको छ ।

यस प्रकारका गलत क्रियाकलापहरू हुन नदिन र बीमालेखको जोखिमाङ्कन तथा दावी भुक्तानी प्रकृयामा प्रचलित कानून तथा समितिबाट जारी निर्देशनहरूको पूर्णतः पालना गर्ने तर्फ आवश्यक व्यवस्था मिलाउन हुन जानकारी गराईएको छ ।

साथै, उल्लिखित विषयका सम्बन्धमा सम्पूर्ण बीमकहरूले, बीमकका कर्मचारी, अभिकर्ता, बीमित, प्रस्तावक तथा सम्बध्द सबै व्यक्ति तथा संस्थाहरूको ध्यानाकर्षण हुने सन्देशमुलक सार्वजनिक सूचना तयार गरी कारोबार हुने स्थानमा सबैले प्रष्टरूपमा देख्ने गरी टाँस गर्न समितिको मिति २०७९।०५।०६ को १३३५औं बैठकको निर्णयानुसार यो परिपत्र गरिएको छ।

(शाम्बराज लामिछाने)
उप- निर्देशक(कानून)

बोधार्थः
श्रीमान अध्यक्षज्यूको सचिवालय
बीमा समिति ।